# छार्का ताङसोङ गाउँपालिकाको विनियोजन ऐन,२०८२

छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः

छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम छार्का ताङसोङ गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम छार्का ताङसोङ गाउँपालिकाको विनियोजन ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष ०८२।०८३ को निमित्त गाउँ कार्यापालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३३,९०,१७,१०६।(अक्षरुपी तेत्तीस करोड नब्बे लाख सत्र हजार एक सय छ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३.विनियोजनः** (१)यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त छार्का ताङसोङ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतले नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम

सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनुपर्नेछ ।

छार्का ताङसोङ गाउँपालिकाको आ. व. ०८२।०८३ को आय व्यय म्याट्रिक्स

| आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|
| क्र. सं. | आय विवरण | रकम | चालु खर्च | पूँजीगत खर्च |
| १ | आन्तरिक श्रोत | १८००००० | १८००००० | ० |
| २ | राजश्व बाँडफाँड संघ | ७३९००००० | ७०४५२७९३ | ३४४७२०७ |
| ३ | राजश्व बाँडफाँड प्रदेश | ५८४१०६ | ५८४१०६ | ० |
| ४ | वित्तीय समानीकरण संघ | ६९६००००० | ० | ६९६००००० |
| ५ | वित्तीय समानीकरण प्रदेश | ४३७४००० | ० | ४३७४००० |
| ६ | विशेष अनुदान संघ | ११९००००० | ० | ११९००००० |
| ७ | विशेष अनुदान प्रदेश | ० | ० | ०० |
| ८ | सशर्त संघ | ६९२००००० | २७६००००० | ४१६००००० |
| ९ | सशर्त प्रदेश | १६०५९००० | ५५९००० | १५५००००० |
| १० | समपुरक संघ | ४२७००००० | ० | ४२७००००० |
| ११ | समपुरक प्रदेश | १३९००००० | ० | १३९००००० |
| १२ | पर्वतारोहरण रोयल्टी | ५००००० | ५००००० | ०० |
| १३ | सामाजिक सुरक्षा भत्ता | ९५००००० | ९५००००० | ०० |
| १४ | अ. ल्या. | २५०००००० | ० | २५०००००० |
| | **जम्माः** | **३३९०१७१०६** | **११०९९५८९९** | **२२८०२१२०७** |